का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २७३
- ११ मंसिर २०७८, शनिबार
- 27 November 2021, Saturday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।



चितवनको नारायणी नदी किनारमा विशाल जनउपस्थितिका साथ आयोजित समारोहमा देशभरबाट एमालेका नेता कार्यकर्ता निकै उत्साहका साथ उपस्थित भएका थिए ।

## नेकपा एमालेको शक्ति प्रदर्शन

# पहिलो शक्ति बन्ने उद्घोष



"देशको सार्वभौमिकताको रक्षा, लोकतन्त्रको रक्षा र संविधानको रक्षा गर्दै कार्यान्वयन गर्नका लागि एमालेले एकल बहुमत ल्याउनुपर्छ ।"

**केपी ओली**
अध्यक्ष, नेकपा एमाले



"नेकपा एमालेले सरकारका विविध विधानअनुसार थिती बसाल्ने काममा साथ दिनुपर्छ, संविधानमार्फत हरेक समस्याको समाधान हुन्छ ।"

**शेरबहादुर देउवा**
प्रधानमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
चितवन, १० मंसिर

नेकपा एमालेको १० औं महाधिवेशनको उद्घाटन सत्र भव्य समारोहबीच सम्पन्न भएको छ । चितवनको नारायणी नदी किनारमा विशाल जनउपस्थितिका साथ आयोजित समारोहमा देशभरबाट एमालेका नेता कार्यकर्ता निकै उत्साहका साथ उपस्थित भएका थिए । समारोहको निकै तामझामका साथ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गरेका थिए । अध्यक्ष ओलीले झन्डोत्तोलन गरे लगत्तै महाधिवेशनको मस्कटको पनि औपचारिक अनावरण गरेका थिए । उद्घाटन समारोह शुभारम्भ हुनुअघि देशभरबाट आएका नेता, कार्यकर्ता, शुभेच्छुक नाराजुलुस र नाचगानसहित महाधिवेशन उद्घाटन स्थल नारायणी नदी किनार प्रवेश गरेका थिए । महाधिवेशन उद्घाटन हुनुअघि जनसांस्कृतिक मञ्चले प्रस्तुत गरेको सांगीतिक कार्यक्रम पनि निकै रोचक बन्यो । सबै जातजाति, भाषाभाषीलाई समेटिएको प्रस्तुतले पनि सहभागीको ध्यान खिचेको थियो ।

पहिलो शक्ति बन्ने उद्घोष

उद्घाटन समारोहलाई सम्बोधन गर्दै एमालेका अध्यक्ष ओलीले आगामी निर्वाचनबाट एमाले पहिलो शक्ति बन्ने उद्घोष गरे । उनले देशको सार्वभौमिकताको रक्षाका लागि आगामी निर्वाचनमा एमालेले एकल बहुमत ल्याउनुपर्ने बताए । देशको सार्वभौमिकताको रक्षा, लोकतन्त्रको रक्षा र संविधानको रक्षा गर्दै कार्यान्वयन गर्नका लागि एमालेले एकल बहुमत ल्याउनुपर्नेमा उनले जोड दिए । संविधानको गलत व्याख्यालाई सच्याएर अगाडि बढ्न र देशमा विकासको लहर ल्याउनका लागि पनि एमालेको एकल बहुमत आवश्यक रहेको उनले बताए ।

अध्यक्ष ओलीले नेकपा एमाले शान्ति, सामाजिक सद्भाव र राष्ट्रिय एकताको पक्षमा रहेको बताए । सामाजिक न्याय र समान अधिकार र बाँकी पृष्ठ २ मा

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
बबरमहल काठमाडौं
फोन नं. ४२५५४६४, हटलाइन ११९६,
website: www.ssf.gov.np, email: info@ssf.gov.np
यस कोषमा आवद्ध योगदानकर्ताहरुको योगदान रकम कानून बमोजिम नियमित (प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र) रुपमा अनिवार्य जम्मा गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । योगदान नियमित नभई यस कोषबाट पाउने सुविधाबाट कुनै पनि श्रमिक वञ्चित हुन पुगेमा सम्पूर्ण दायित्व रोजगारदाताको हुने स्पष्ट कानूनी व्यवस्था रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

## भेटको अवसर



प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओली एकै समयमा मञ्चमा उक्लिए । देउवा र ओलीको झन्डै पाँच महिनापछि पहिलो बाँकी पृष्ठ २ मा

## हिन्दुवादीलाई प्रभाव पार्ने ध्येय

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले हिन्दुवादीहरुको मन जित्ने गरी अभिव्यक्ति दिएका छन् । शुक्रबार पार्टी महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै ओलीले एमालेको चुनाव चिन्ह नै हिन्दु संस्कृतिअनुसार तय गरिएको बताए । गायत्री मन्त्र उच्चारण गर्दै ओलीले चुनाव चिन्ह नै गायत्री मन्त्रको अर्थसँग गाँसिएको बताए ।

उनले सुर्य चिन्हको पक्षमा उभिनु नै सनातनिक धर्म संस्कृतिको पक्षमा उभिएको अर्थ लाग्ने बताए । गायत्री मन्त्र जप्दै ओलीले भने, 'गायत्री मन्त्रले भन्ने सुर्य चिन्ह एमालेको छ, यो चिन्ह लिन गाह्रो छैन्, यो चिन्ह लिनु गायत्री बाँकी पृष्ठ २ मा

## बन्द सत्र आज

नेकपा एमालेको दशौँ राष्ट्रिय महाधिवेशनमा शनिबार बन्दसत्र हुँदै छ । चितवनको सौराहस्थित एक होटोलमा हुने बन्द शत्रमा अपराह्न १२ बजेदेखि २ बजेसम्म उम्मेदवारी मनोनयन हुने महाधिवेशन निर्वाचन आयोगका सचिव बाबुराम दाहालले जानकारी दिए । महाधिवेशनको नेतृत्व चयनका लागि विद्युतीय उपकरणबाट पहिलोपटक मतदान हुने भएको छ । आयोगका सचिव दाहालले मतदानका लागि ९२ वटा उपकरण प्रयोग गरिने जानकारी दिए । महाधिवेशनमा २२५ केन्द्रीय सदस्य, बाँकी पृष्ठ २ मा

## पदाधिकारी बन्न रस्साकस्सी

नेकपा एमालेको १० औं महाधिवेशनमा पदाधिकारी बन्न केपी ओली निकट नेताहरुविच नै दुई समूह बन्ने देखिएको छ । केपी निकट नेताहरु आफुलाई पदाधिकारी बनाउन फरक फरक समीकरणको कसरतमा लागेका हुन । ईश्वर पोखरेल, शंकर पोखरेल र विष्णु रिमालको एउटा पक्षमा खुलेका छन । त्यस्तै अर्को पक्षमा विष्णु पौडेल, सुवास नेम्वाङ र पृथ्वी सुब्बा गुरुङ देखिएका छन् । ईश्वर पोखरेल र नेम्वाङ दुवैले वरिष्ठ उपाध्यक्षमा, विष्णु पौडेल र शंखर पोखरेलले महासचिवमा, र बाँकी पृष्ठ २ मा

# मलेसियाको रबर कम्पनीले कामदारको शोषण गरेको सार्वजनिक

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० मंसिर

मलेसियामा स्थापित बहुराष्ट्रिय गुड इयर टायर एण्ड रबर कम्पनीले नेपालीसहित अन्य आप्रवासी कामदारको शोषण गरेको समाचार सार्वजनिक भएको छ । बेलायती समाचार संस्था रोयटर्सले लामो अनुसन्धानमुलुक समाचार सार्वजनिक गर्दै आप्रवासी कामदारमाथि भएको शोषणले उक्त कम्पनीका उत्पादनमाथि अन्तर्राष्ट्रिय प्रतिवन्ध लाग्नसक्ने उल्लेख गरेको छ ।

रोयटर्सले आप्रवासी कामदारको कार्यस्थल, आवास मापदण्डअनुसार नभएको र लामो समयदेखि कामदारको तलब रोकिएको अनुसन्धानका क्रममा फेला परेको दाबी गरेको छ । यस विषयमा मलेसिया र अमेरिकी डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटीले एकैसाथ अनुसन्धान गरिरहेको भन्दै उक्त कम्पनी कामदार माथि भएको शोषणका वारेमा नयाँ तथ्यहरू आउने समाचारमा उल्लेख छ ।

गुड इयर टायर एण्ड रबर कम्पनीमा कार्यरत पाँच र अवकाशप्राप्त केही कामदारसँग अमेरिकी होमल्याण्ड सेक्युरिटी विभागले उनीहरूको आवास, उनीहरूले न्यायका लागि कम्पनीविरूद्ध अदालतमा लडिरहेको मुद्दा, कम्पनीमा दिइने धम्कीका विषयमा सोधपुछ गरिएको भन्दै समाचारमा अनुसन्धान अधिकारीहरूले केही नबताएको तर अमेरिकाको ओहायोमा रहेको गुड इयरले भने कामदारमाथि शोषणा नभएको उल्लेख छ ।

समाचारमा उक्त कम्पनीविरूद्ध आप्रवासी कामदार पटकपटक अदालत जाने गरेको भएपनि समस्याको समाधान नहुने गरेको भन्दै सन् २०१९ देखि यतामात्र नेपाल, भारत र म्यानमारका १ सय ८५ कामदारले बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### कतार पुलिसको डिमाण्ड गुम्न दिनु हुँदैन : मन्त्री श्रेष्ठ

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले नेपाली कामदारका लागि नेपाल आउने डिमाण्डमा अस्वस्थ प्रतिस्पर्धा नगर्न वैदेशिक रोजगार व्यवसायीहरुलाई आग्रह गरेका छन् । नेपाल-कतार संयुक्त कार्यसमिति बैठकको तयारीबारे सरोकारवालाहरुसँग काठमाडौंमा शुक्रबार छलफल गर्दै मन्त्री श्रेष्ठले उक्त आग्रह गरेका हुन् ।

छलफलमा मन्त्रालयका उच्च अधिकारीहरुका साथै वैदेशिक श्रमसम्बन्धी विज्ञ र वैदेशिक रोजगार व्यवसायीहरुको सहभागिता थियो । डिमाण्ड ल्याउने विषयमा वैदेशिक रोजगार व्यवसायीहरुबीच अस्वस्थ प्रतिस्पर्धा देखिएको भन्दै मन्त्री श्रेष्ठले वैदेशिक रोजगार सम्वन्धी कानूनको कडाइका साथ कार्यान्वयन गरिने बताए । भिजिट भिसामा नेपालीलाई विदेश पठाउन सहयोग गर्ने बाँकी पृष्ठ २ मा

# निकास दिने प्रधानमन्त्रीको आश्वासन

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० मंसिर



न्यायालय विवाद

प्रधानमन्त्री शेरबहादुर देउवाले न्यायपालिकामा देखिएको विवादमा गठबन्धनले छिट्टै निकास दिने बताएका छन । शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा नेपाल बार एशोसिएसनका पदाधिकारी र वरिष्ठ अधिवक्ताहरुसँगको छलफलमा प्रधानमन्त्री देउवाले न्यायपालिकाको विवादमा सत्तारुढ दलका तर्फवाट निकास दिने आश्वासन दिएका हुन् । देउवाले छिट्टै सत्ता साझेदार दलको छलफल गरेर यसबारेमा औपचारिक धारणा सार्वजनिक गर्ने पनि बताएका छन् ।

भेटमा बार पदाधिकारीले वर्तमान प्रधानन्यायाधीस चोलेन्द्र शमशेर राणा रहँदासम्म न्यायपालिकाको गतिरोध नहट्ने भन्दै आवश्यक प्रक्रिया अघि बढाउन आग्रह गरेका थिए । प्रधानन्यायाधीशले राजीनामा नदिए महाअभियोग लगाउनुपर्ने माग बारको छ ।

छलफलपछि नेपाल बार एशोसिएशनका अध्यक्ष चण्डेश्वर श्रेष्ठले अहिलेको अदालतको समस्या समाधान भनेकै प्रधानन्यायाधीशको राजिनामा भएको बताए । उनले प्रधानमन्त्रीसँग प्रधानन्यायाधीशको राजीनामाको माग गरेको र प्रधानमन्त्रीले सत्तारुढ गठबन्धनसँग छलफल गरेर केही दिन भित्रै समस्याको समाधान गर्ने जानकारी गराएको बताए ।

प्रधानमन्त्रीसँगको छलफलमा सहभागी सर्वोच्च बारका अध्यक्ष पूर्णमान शाक्यले वकिल र न्याायधीशको तर्फबाट प्रधानन्यायाधीशले विश्वास गुमाइसकेकाले बाँकी पृष्ठ २ मा

# ७ सय ५३ वटै पालिकामा माओवादीको अधिवेशन

**काठमाडौं/मस-** नेकपा (माओवादी केन्द्र)ले आज ७ सय ५३ वटा स्थानीय तहको अधिवेशन गर्ने भएको छ । माओवादीले सम्पर्क समन्वय समिति र विशेष समितिसमेत गरी कूल ७ सय ७६ वटा पालिका स्तरीय सम्मेलन आयोजना गरेको हो । पालिकासम्मेलनलाई शनिबार अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भर्चुअल' सम्बोधन गर्ने कार्यक्रम तय भएको छ । शनिबार १३ बजे अध्यक्ष दाहालले सबै पालिका सम्मेलनलाई एकैपटक सम्बोधन गर्न लागेका छन् ।

माओवादीको केन्द्रीय निर्वाचन आयोगका प्रमुख विष्णुपुकार श्रेष्ठका अनुसार शनिबारको सम्मेलनले प्रदेश सम्मेलनका लागि प्रतिनिधिसमेत चयन गर्नेछ । यी मङ्सिर २५ गतेका लागि प्रदेश सम्मेलनको आयोजना गरिएको छ । आगामी पुस ११ देखि १३ गतेसम्म राष्ट्रिय सम्मेलन तय गरिएको छ ।

माओवादीले सबै पालिकाको सम्मेलनको




आवश्यक तयारी भइसकेको जनाएको छ । पार्टी संगठनलाई एउटा निश्चित विधि र पद्धतिअनुसार अगाडि वढाउने उद्देश्यले पार्टी संरचनाभित्रै आन्तरिक निर्वाचनलाई पनि स्वीकार गरिएको छ । सोहीअनुसार यही मङ्सिर ४ गते सबै वडाको सम्मेलन गरी नयाँ नेतृत्वसमेत चयन भइसकेको छ ।

माओवादीले वडा सम्मेलन, पालिका सम्मेलन, प्रदेश सम्मेलन गरेर राष्ट्रिय सम्मेलनमा केन्द्रीत हुने गरी नीति र विधि तय गरेको निर्वाचन आयोगका प्रमुख श्रेष्ठको भनाइ छ । माओवादीले पार्टीले विधानको व्यवस्थाअनुसार, निर्वाचन आयोग गठन गरिसकेपछि निर्वाचन निर्देशिका, आचारसंहितासमेत तय गरेको छ । प्रदेशस्तरका सबै निर्वाचन समिति एक महिना अगाडि नै गठन भएका थिए ।

पालिका सम्मेलनका लागि निर्वाचन समितिमा रहेर काम गर्नेलाई केन्द्रीय तहबाटै प्रशिक्षण दिई सबै स्थानीय तहमा पठाइसकिएको छ । वडा सम्मेलनमा निर्वाचित भएका प्रतिनिधिले विधानमा भएको व्यवस्थाअनुसार ३५ प्रतिशत महिला, २० प्रतिशत युवा, १५ प्रतिशत दलित र पाँच प्रतिशत मुश्लिमको प्रतिनिधित्व सुनिश्चित हुनेगरी नेतृत्व चयन गर्दछ ।

वडाबाट निर्वाचित भएका प्रतिनिधिका आधारमा गाउँपालिकामा १५० जनाका दरले सहभागी हुनेछन् । यस्तै नगरमा २००, उपमहानगरमा ३०० सय र महानगरमा ४०० प्रतिनिधिको उपस्थितीमा अधिवेशन हुने प्रमुख श्रेष्ठले जानकारी दिइएको छ । सबै पालिका अधिवेशनलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि माओवादीले विशेष परिपत्र गरिएको जनाएको छ ।

# जलेको अवस्थामा युवकको शव फेला, हत्याको आशंका

**अर्जुन बिष्ट/मध्यान्ह**
सल्यान, १० मंसिर

सल्यानको शारदा नगरपालिका रानीकोट-५ मा जलेको अवस्थामा एक पुरुषको शव फेला परेको छ । सोही नगरपालिका -५ रानीकोटका अन्दाजी ३३ वर्षीय शेर बहादुर चन्दको आधा शरिर जलेको अवस्थामा शव फेला परेको हो ।

जिल्ला प्रहरी कार्यालय सल्यानका अनुसार मृतक चन्दको घरदेखि करिब ५० मिटर टाढाको दुरीमा रहेको बाँसघारीमा शुक्रबार बिहान शव फेला परेको हो ।

घटनाको प्रकृति हेर्दा हत्या भएको हुनसक्ने जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी प्रमुख डिएसपी सुमित खड्काले मध्यान्हलाई जानकारी दिए ।

हत्या भएको आशंका पछि घटनाको थप अनुसन्धानका लागि प्रहरी टोली घटना स्थलमा पुगि अनुसन्धान अगाडि बढाइएको डिएसपी खड्काले बताए । हत्या आशंकामा दुई महिला पक्राउ

सल्यान प्रहरीले चन्दको हत्या



आशंकामा दुई महिलालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मृतक युवककी २६ वर्षीया भाउजू लक्ष्मी चन्द र २५ वर्षीया छिमेकी भाउजू नातापर्ने राधा पौडेल रहेको प्रहरीले जनाएको छ । घटनाको कारण अहिलेसम्म खुलेको छैन । चन्दलाई जिउँदै आगो लगाएर हत्या गरेर बाँसघारीमा फालेको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुसन्धान छ ।

सोही वडाका वडाध्यक्ष प्रदिप शाही भन्छन्, 'घरमा जिउँदै जलाउने प्रयास असफल भएपछि चन्दको हत्या गरेर बाँसको झ्याङमा फालिएको हुनसक्छ । मृतक युवकले प्रयोग गर्दै आएको लत्ताकपडामा आगो लगाइएको छ । यो प्रमाण नष्ट गर्न गरिएको षड्यन्त्र हुनसक्छ ।' हत्या गरेको आशंकामा पक्राउ परेका दुई महिलालाई प्रहरीले अनुसन्धान अगाडि बढाइसकेको छ ।

स्थानीयले शुक्रबार बिहान शव फेला पारेपछि प्रहरीमा खबर गरेका थिए । अनुसन्धानका लागि प्रहरी निरीक्षक श्याम प्रसाद यादवको नेतृत्वमा घटना स्थलमा खटाई घटनाको जाँचबुझ भइरहेको प्रहरीले जनाएको छ ।

## नेकपा...

अवसर, सझदारी, सद्भाव र राष्ट्रिय एकताको नीति आफुहरुको नीति भएको उनको भनाइ छ । एमालेले विरोध र विद्धेषको राजनीति नगर्ने भन्दै उनले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र स्वाधिनताको रक्षा गर्ने बताए ।

अध्यक्ष ओलीले पारस्परिक हित र पारस्परिक सम्मानका आधारमा छिमेकीसँगको सम्बन्ध र अन्तर्राष्ट्रिय सम्बन्धलाई अगाडि बढाइने बताए । नेपालको कोही शत्रु र कोही मित्र नभएको उल्लेख गर्दै उनले छिमेकी देशहरुसँग कुनैप्रकारको समस्या भएमा छलफलबाट समाधान गर्न सकिने बताए ।

नेपालले अतिक्रमित नेपाली भुमि लिम्पियाधुरा, लिपुलेक, कालापानी फिर्ता लिनुपर्ने उनले बताए । नेपालले आफ्नो अतिक्रमित भूमि फिर्ता लिएर बास्तविक मित्रता र वास्तविक छिमेकीपन कायम गर्न चाहेको उनले बताए ।

### संवाद र सहकार्यमा जोड

उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले दलहरुबीच सद्भाव, छलफल र संविधान मार्फत हरेक समस्याको समाधान निकाल्ने बताए । उनले नेकपा एमालेले सरकारका विविध विधान अनुसार थिती बसाल्ने काममा साथ दिनुपर्ने पनि बताए । प्रधानमन्त्री देउवाले अध्यक्ष ओली र आफू जेलमेट भएको बताउँदै त्यो बेला भोगेको दुःखलाई ध्यानमा राखेर अबका दिनमा कुनै नेपालीलाई दुःख नदिने गरी काम गर्नुपर्ने पनि बताए । प्रधानमन्त्री देउवाले कोभिड १९ ले आक्रान्त भएको बेला सबै जनतालाई कोरोनाबिरुद्धको खोप पुऱ्याउनु आफ्नो पहिलो लक्ष्य भएको र त्यसैअनुसार लक्ष्य हासिल गरिरहेको बताए । उनले सबैको सहयोगबाट संसद भित्र प्रतिनिधित्व गर्ने र संसद बाहिरका राजनीतिक दलहरुसँग सहकार्य गरी देश र जनतालाई केन्द्रमा राखेर साझा धारणाका आधारमा देशलाई अघि बढाउने कुरामा प्रतिवद्ध रहेको समेत बताए ।

### लोकतान्त्रिक बाटो नछाड्न सुझाव

नेकपा एमालेको १० औं महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख दलका नेताहरुले लोकतान्त्रिक बाटो नछाड्न सुझाव दिएका छन् । नेताहरुले देश र जनताको पक्षमा उभ्याउन पनि प्रमुख प्रतिपक्षी दललाई आग्रह गरेका छन् ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले नेकपा एमालेले देश र जनताको पक्षमा आफूलाई उभ्याउनुपर्ने बताए । उनले संविधानलाई अझ समावेशी र संघीयतालाई अझ प्रभावकारी बनाउन सबै राजनीतिक दलले योगदान गर्नुपर्ने बताए ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले मधेसका माग पूरा गर्ने सन्दर्भमा वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले पनि आश्वासन दिएको भन्दै उनले बाँकी माग पूरा गर्न ध्यानाकर्षण गराए । माग पूरा नभए फेरि पनि २० लाख मानिस उतार्ने चेतावनी उनले दिए ।

राप्रपा अध्यक्ष कमल थापाले देशलाई संकटबाट बचाउन र जोगाउन ओलीको खाँचो रहेको बताए । ओलीको पहलमा तराईको पृथकतावादी शक्तिलाई अन्त्य भएको र गुमेको भुभाग सहितको नक्सा प्रकाशित भएको उनको भनाइ थियो ।

माओवादी केन्द्रका नेता लीलामणि पोखरेलले केही फरक मान्यता र परिवेशले माओवादी केन्द्र र एमाले अलग हुन पुगेको बताए । उनले नेपाल कम्युनिष्ट आन्दोलनमा जनताको विश्वास रहेको भए पनि नेताहरूमा भएका संकीर्णताले असर गरेको बताए ।

नेकपा एमालेका नेता रामबहादुर थापाले देशी विदेशी षड्यन्त्रबाट नेकपालाई तीन टुक्रा पारिएको र सरकारलाई अलोकतान्त्रिक विधि परमादेशबाट विस्थापित गरिएको आरोप लगाए । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले सबै कम्युनिष्ट पार्टी एक हुन नसकेको भन्दै चिन्ता व्यक्त गरे ।

केसीले नेपालमा प्रजातान्त्रिक शक्ति, वामशक्तिबीच एकता नभएको भए नेपालमा राजनीतिक उपलब्धीको सम्भावना नभएको पनि उल्लेख गरे । उद्घाटन समारोहमा आठ वटा विदेशी पार्टीका नेता सहभागी भएका थिए । भारतीय जनता पार्टीका तर्फबाट पूर्वस्वास्थ्यमन्त्री डा. हर्षबर्द्धन र राष्ट्रिय सचिव हरिश द्विवेदी, झापाका पल्लव सेन गुप्ता, भाकपा मार्क्सवादीबाट जोगेन्द्र शर्मा, भाकपा मार्क्सवादी लेनिनवादी लिब्रेसनबाट वीरेन्द्रप्रसाद गुप्ता र सन्दीप सौरभपनि सहभागी भएका थिए ।

## भेटको....

पटक भेट भयो । यो अवसर एमाले महाधिवेशनस्थल नारायणी किनारमा जुट्यो । उनीहरुलाई एमाले नेता कार्यकर्ताले सँगै माला लगाइदिएका थिए ।

यसअघि गत असार २९ गते देउवा संसदबाट प्रधानमन्त्री निर्वाचित भएपछि देउवालाई ओलीले बधाई दिएका थिए । त्यसपछि यी दुई नेताहरूको भेट भएको थिएन । प्रतिनिधिसभामा एमालेको अवरोध हटाउन प्रधानमन्त्री देउवाले भेट्न चाहे पनि ओलीसँग उनको भेट हुन सकेको थिएन । एमाले महाधिवेशनमा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल गएनन् भने एमालेबाट विभाजन भएर बनेको एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई एमालेले निम्तो नै दिएको थिएन ।

## हिन्दुवादीलाई...

मन्त्र जप्नुजस्तै हो ।' कम्युनिष्टहरुको हँसिया हथौडाको चिन्हले मानिसहरुलाई अलमल पारिरहेको ओलीको भनाई छ । उनले दक्षीणपन्थीहरुले समेत हसिँया हथौडा बोक्न थालेको भन्दै विश्वभर नै उक्त चिन्हप्रति वितृष्णा पैदा भइरहेको बताए । हसिँया हथौडाको विकल्प सूर्य चिन्ह भएको ओलीको भनाइ छ ।

नेपालका सत्ताधारी कम्युनिष्टहरुले हसिँया हथौडा चिन्ह लिन नहुने ओलीको सुझाब छ । 'दुनियामा धेरैले त्यो (हसिँया हथौडा) चिन्ह छोडिरहेका छन् । यिनले किन छोड्दैनन् ?', ओलीको प्रश्न छ ।

## बन्द...

अनुशासन र लेखा आयोगमा १५-१५ जना गरी कूल २५५ पदका लागि निर्वाचन हुनेछ । ती पदमा गत कात्तिक २७ गते निर्वाचित भएका दुई हजार तीनसय ७५ जना प्रतिनिधिले मतदान गर्ने छन् । उम्मेदवारको मनोनयन गरिसकेपछि अर्को दिन मङ्सिर १२ गते बिहानैदेखि मतदान हुने एमालेले जनाएको छ ।

## पदाधिकारी...

रिमाल र सुब्बाले उपमहासचिवमा उम्मेदवारी दिने तयारी गरेका छन । घनश्यास भुषालले उपाध्यक्षका लागि आफ्नो दबाी प्रस्तुत गरेका छन् । यत योगेश भट्टराईले सचिव पदमा उम्मेदवारी दिने बताएका छन् । महासचिवमा सुरेन्द्र पाण्डेको दाबी रहेको छ । दुवै समूहले आफुले दाबी गरेको पदसहित अगुवा कार्यकर्ता र नेताहरुसँग छलफल तीव्र पारेका छन् । पूर्व माओवादी समूहलाई पनि आफुहरु तिर मिलाउने प्रयास दुबै समूहको छ । पूर्व माओवादी घटकबाट मात्रै २ सय बढी प्रतिनिधी रहेका छन् ।

## मलेसियाको ...

आफुहरूको तलब सुविधा माग गर्दै मलेसियाको औद्योगिक अदालतमा दिएको उजुरी उल्लेख गरेको छ ।

सन् २०२० मा अदालतले कामदारको तलब सुविधा भुक्तानी गर्न आदेश दिएको भएपनि कम्पनी औद्योगिक अदालतको फैसला विरूद्ध पुनरावेदनमा गएको कारणले आप्रवासी कामदारहरूले पाउनुपर्ने तलब सुविधा पाएका थिएनन् ।

कम्पनीले आप्रवासी कामदारले मलेसियाको ट्रेड युनियन अधिकारको उपयोग गर्दै सामूहिक सौदावाजी गर्ननसक्ने भन्दै कम्पनीले विवाद समाधानका लागि पहल भइरहेको बताएको समाचारमा उल्लेख छ । मलेसियाको पेरमोडालन नेशनल बेरहाडले गुड इयर कम्पनीको ४९ प्रतिशत स्वामित्व राखेको भएपनि समस्या समाधानका लागि चासो राखेको छैन ।

## कतार ...

म्यानपावर कम्पनीहरुलाई कडा कारबाही गर्ने भन्दै मन्त्री श्रेष्ठले बेथिति रोक्न कडाइसाथ काम गर्ने चेतावनी दिए । कतार प्रहरीमा नेपालीलाई रोजगारीका लागि आएको अवसर गुम्न नदिने पनि मन्त्री श्रेष्ठले बताए ।

वैदेशिक रोजगारीमा जाने जनशक्तीलाई दक्ष बनाउन तालिम केन्द्रको बिकेन्द्रिकरण, कतार भिसा सेन्टर सम्बन्धी कार्यको व्यवस्थापन, मृत्यु, घाइते, अंगभंग भएर पीडित हुनेहरुलाई न्यायमा पहुँच सुनिश्चित गर्नुपर्ने र उद्धारका लागि संयन्त्र स्थापनाका विषयमा सरोकारवालाहरुले ध्यानाकर्षण गराए ।

## निकास...

राजिनामा दिन आवश्यक रहेको कुरा प्रधानमन्त्रीलाई बताएको संचारकर्मीहरुलाई बताए । अध्यक्ष शाक्यले प्रधानन्यायाधीशले गरेका न्यायमाथि विश्वसनीयता नभएको भन्दै प्रधानन्यायाधीशले घरबाटै राजीनामा दिनुपर्ने बताए । अध्यक्ष शाक्यले प्रधानमन्त्रीसँगको छलफलमा प्रधानमन्त्री देउवाले कानून व्यवसायीहरुको कुरालाई गम्भीरताका साथ विचार गरेर पहल गर्ने प्रतिवद्धता जनाएको बताए ।

सो अवसरमा नेपाल बारले प्रधानन्यायाधीश जबरा पदमुक्त हुनुपर्ने १७ कारण उल्लेख गर्दै प्रधानमन्त्री देउवालाई ध्यानाकर्षण पत्र बुझाएको थियो । यसअघि नै बारले संघीय संसदमा प्रतिनिधित्व गर्ने दलको पनि ध्यानाकर्षण गराइसकेको छ ।

प्रधानन्यायाधीशको राजीनामा माग गर्दै बार एक महिनादेखि आन्दोलनमा छ । सरकारमा भाग खोजेको, न्याय सम्पादन राम्रोसँग नगरेको लगायतका कारण देखाउदै बारले प्रधानन्यायाधीश राणाको राजीनामा माग गरेको छ । राणाले भने सडकबाट माग हुँदैमा आफुले राजीनामा नदिने बताउँदै आएका छन् ।

यता न्यायाधीशहरुको पूर्ण बैठक (फुलकोर्ट)ले सर्वोच्च अदालतको नियमावली संशोधन गरेर १५ मंसिरदेखि गोलाप्रथाबाट पेशी तोक्ने निर्णय गरिसकेको छ । गोलाप्रथाबाट पेशी तोक्ने निर्णय गर्दै सबैखाले मुद्दाको पेशीमा सुनुवाइ गर्ने न्यायाधीशहरुमा सहमति भएको छ । तर बारले भने प्रधानन्यायाधीश जबराले राजीनामा नदिएसम्म आन्दोलन नरोक्ने बताउँदै आएको छ ।

# नगरप्रमुखद्वारा निःशुल्क अंग्रेजी शिक्षाको घोषणा

रौतहट गौर नगरपालिकाका सामुदायिक विद्यालयहरुमा संचालित अंग्रेजी माध्यमका शिक्षा पूर्ण निःशुल्क हुने भएको छ । गौर नगरपालिकाका नगरप्रमुख अजय गुप्ताले एक कार्यक्रमको बीच निःशुल्क शिक्षाको घोषणा गरेका हुन् । आधारभूत विद्यालय बाल मन्दिरमा आयोजित एक कार्यक्रममा अंग्रेजी माध्यमको शिक्षालाई पूर्ण निःशुल्क बनाउने नगरप्रमुख गुप्ताले घोषणा गरे ।

जुद्ध उच्च मा.वि गौर र बाल मन्दिरमा अंग्रेजी माध्यमका



**रौतहट डायरी**
इसत्याक अहमद/मध्यान्ह

शिक्षा पनि संचालन हुँदै आएको छ । तर विगतका दिनहरुमा अंग्रेजी माध्यममा पढाउने शिक्षकहरुको तलबको लागि भन्दै सो विद्यालयहरुले विद्यार्थीहरुबाट न्यूनतम शुल्क लिँदै आएको थियो । गौर नगरपालिकाले ती विद्यालयहरुको लागि शिक्षकको तलब व्यवस्थापन गरेपछि पठन पाठन निःशुल्क भएको हो ।

# रंगभेदविरुद्धको एकता दिवस मनाइयो

सिके राउत नेतृत्वको जनमत पार्टीले रौतहट सदरमुकाम गौरमा वृहत जुलुस र ऱ्याली प्रदर्शन गर्दै रंगभेदविरुद्धको एकता दिवस मनाएको छ ।

पार्टीका राष्ट्रिय उपाध्यक्ष ई.बसन्त कुशवाहा, केन्द्रीय सदस्य एवं केन्द्रीय प्रकाशन विभाग प्रमुख ललित मल्लिक शानू, राष्ट्रिय सचिव संजय यादव लगायत नेताहरुको अगुवाइमा ऱ्याली मधेसी क्रान्ति चोकबाट शुरु भएको थियो ।

ऱ्यालीमा केन्द्रीय तथा जिल्ला नेताहरु डा. शुवन्त कुशवाहा अशोक कुमार सिंह, वीरेन्द्र साह, बिनय बर्मा, रामेश्वर प्रसाद यादव, विकास कुमार यादव, पंकज श्रीवास्तव, राजकुमार साह, विवेक झा, सचिन पटेल, अर्जुन कुशवाहा, प्रकाश झा,



अनिता साह लगायत नेता तथा कार्यकर्ताहरु सहभागी थिए ।

'ऱ्यालीमा रंगभेद अन्त्य गर्', 'छालाको रंग र समुदायको आधारमा विभेद बन्द गर्' लगायतका नाराहरू लगाउँदै नगर परिक्रमा गरी पुनः मधेशी क्रान्ति चोकमा फर्केर जुलुस कोणसभामा परिणत भएको थियो ।

कोणसभालाई जनमत पार्टीका केन्द्रीय सदस्य एवं केन्द्रीय प्रकाशन विभाग प्रमुख ललित मल्लिक शानू, राष्ट्रिय सचिव संजय यादव र राष्ट्रिय उपाध्यक्ष ई बसन्त कुशवाहाले सम्बोधन गरेका थिए । डा.सिके राउत नेतृत्वको जनमत पार्टीले आफ्नो स्थापना काल देखि नै प्रत्येक मंसिर १० गतेलाई रंगभेद विरुद्ध एकता दिवसको रूपमा मनाउँदैं आएको छ ।


## UAE मा रोजगार

कम्पनी : ACCURO SPECIALIST SUPPORT SERVICES (LLC)
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/१० | चलानी नं.: ६०१६८७६५ | LT. No.: 251519

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping Cleaner | 10 | 30 | स. काममा दक्ष | 800 | २५,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १८ गते (4 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**M.B. Human Resource Pvt. Ltd.** श्रम इजाजत पत्र नं.: १५०४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 4016801, Fax : 4016804 | E-mail : admin@mbmanpower.com.np
Web.: www.mbmanpower.com.np | Mobile No.: 9851108159, 9861034127, 9849362405, 9818372762, 9861365125, 9808840363,9851278086



## QATAR र UAE मा रोजगार

१. कम्पनीः RIGHT CHOICE CONTRACTING
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/१० | चलानी नं.: ६०१६८८५७ | LT. No.: 251767

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५५,५२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 5 | 0 | | 1000 | ३२,६६० | | | | | | | |

DRIVER को हकमा QATAR LICENSE भएका LIGHT DRIVER हरुलाई मात्र । यसै कम्पनीको लागि SCAFFOLDER हरुको माग भै आएको हुँदा BASIC SCAFFOLDING जान्ने इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

२. कम्पनीः GET GLOW SALON शहर : UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/१० | चलानी नं.: ६०१६८८५८ | LT. No.: 251768

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hair Stylist | 0 | 2 | | 1500 | ४८,५५५ | | | | | | | |
| 3. | Manicurist | 0 | 2 | | 1500 | ४८,५५५ | | | | | | | |

यसै कम्पनीको लागि GENERAL BEAUTICIAN, SPA ATTENDANT / MASSAGE THERAPIST, BARISTA, KITCHEN HELPER र WAITER हरूको माग भै आएको हुदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला ।


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, कुपण्डोल, ललितपुरमा २०७८ मंसिर १८ गते (4 December 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

for better placement
**VITAL INTERNATIONAL SERVICE PVT. LTD.**
Kupandole-10, Lalitpur, Tel: 01-5445897
Phone No.: 9801145285, 9851045755, Email: cvforvital@gmail.com
Govt. Lic.No. 949/067/068

# कालिञ्चोकमा पर्यटकको चहलपहल बढ्यो



**धनराज तामाङ/मध्यान्ह**
दोलखा, १० मंसिर

चिसो मौसम सुरु भएसंगै दोलखाको कालिन्चोकका ठाउँ-ठाउँमा हिउँ पर्न थालेका छन्। यससंगै आन्तरिक तथा बाह्य पर्यटकहरु दोलखामा चहलपहल बढ्न थालेको छ । अघिल्लो बर्ष कोभिडका कारण सुनसान रहेका कालिञ्चोक आसपासमा यस बर्ष पहिलो हिउँ परेसंगै पर्यटकको चहलपहल बढ्न थालेको हो ।

प्रायः शुक्रबार कालिञ्चोक आउने पर्यटकहरुको रुटिनलाई मौसमले थप राम्रो बनाएको छ । यससंगै हिउँ परिरहेको देख्दा पर्यटकहरु हिउँमा रम्दै निकै हर्षित देखिएका छन् । साथै सो ठाउँमा चलचित्र तथा गित छायांकनका क्रमहरु पनि बढ्न थालेका छन् ।

त्यसैगरी कुरी बजारमा दर्शनार्थीहरुको लागि सुविधा सम्पन्न होटल तथा लजको राम्रो ब्यवस्था रहेको छ । यहाँका व्यवसायहरु अघिल्लो बर्ष कोभिडका कारण नराम्ररी थलिएका थिए । यो बर्ष भने सुरुवातको हिउँले राम्रो संकेत गरेको होटल ब्यवसायी नवराज पाखिनले मध्यान्हलाई बताए ।

कोभिडका सुनसान बनेको कालिन्चोक अहिले हिउँ परेसंगै राम्रो चहल पहल बढेको कालिञ्चोक मन्दिर ब्यबस्थापन समितिका अध्यक्षसमेत रहेका पाखिन बताउँछन् । मन्दिर आउने बाटो अप्ठ्यारो रहेको गुनासो पर्यटकहरुले गर्दै आएका छन् । सहज बाटो भए अझ धेरैको संख्यामा पर्यटक दोलखा भित्रिन सक्ने भक्तपुर घर भएका दर्शनार्थी सुरेन्द्र श्रेष्ठले बताए । मुडे-चरिकोट सडक नै दोलखाको विकासको मुख्य पाटो रहेकाले बाटोलाई सहज बनाउन विभिन्न सामाजिक अभियान्तहरुद्वारा समय समयमा आन्दोलन गर्दै आएका छन् । संघर्ष समितिहरु मार्फत आन्दोलन जारी रहेको एक सामाजिक तथा नागरिक अभियन्ता रमेश खतिवडाले बताए । बाटो सहज नगरेसम्म संघर्ष समिति कहिले नथाक्ने र सर्बोच्च निकायसम्म जान पनि तयार रहेको समितिका अर्का नागरिक अभियन्ता चिरञ्जीवी मास्केले मध्यान्हलाई बताए ।

कोभिडबाट थलिएर बिस्तारै बामे सर्न लागेको तर हरेक जिल्ला आउने बाटो असहज भएकै कारण दोलखा हरेक हिसाबले पछाडि परेको दोलखालीहरुको गुनासो छ । दोलखामा यस वर्ष धेरै पर्यटक भित्र्याउने सपना सपनमा मात्रै सिमित नराख्न जिल्लाका व्यवसायीहरुले सरोकावाला निकायलाई निरन्तर ध्यानाकर्षण गराइरहेका छन् ।

जिल्लामा आउने सडक बाटो सहज बनाउन सके सन् २०२२ मा अनुमानित गरेभन्दा बढी पर्यटक तथा दर्शनार्थी आउने होटल व्यवसायी संघ दोलखामा अध्यक्ष रन्जित कुमार पाठक (सन्तोष) ले बताए ।

यस वर्ष धेरै पर्यटक तथा दर्शनार्थीहरुले सहज रुपमा मन्दिर दर्शन गर्न पाउन भन्ने उद्देश्यले व्यवस्थापन गरिएको छ । मन्दिर बिहान ६ बजे नै खोल्ने र बेलुका ४ बजे बन्द गर्ने गरि ब्यबस्था गरिएको मन्दिर ब्यबस्थापन समितिका अध्यक्ष पाखिनले बताए । मंसिर महिनाको सुरुको समयमा नै हिउँ परेकाले कालिन्चोकका स्थानीयहरु निकै खुसी भएका छन् ।

# युवतीले गरिन् आत्महत्या

**ललन कुमार चौरसिया**
रौतहट, १० मंसिर

रौतहटमा एक युवतीले आत्महत्या गरेकी छिन् । बिहीबार बिहान रौतहटको फतुवा विजयपुर नगरपालिका वाड नं.५ सन्तपुरकी एक युवतीले आफ्नै घरमा फासो लगाई आत्मा हत्या गरेकी इलाका प्रहरी कार्यलय विजयपुरका प्रहरी निरीक्षक विष्णु विश्वकर्माले बताएका छन् । स्थानीय २० वर्षीया माला कुमारी जैसवालले आफ्नै घरको सिलिङ पङ्खामा सलको पासो लगाई आत्मा हत्या गरेकी हुन् । सूचना पाउनसाथ प्रहरी टोली घटनास्थलमा मुचुल्का लगायत कार्य पूरा गरी युवतिको शवलाई पोष्टमार्टमको लागि जिल्ला अस्पताल गौर पठाइएको प्रहरीले जनाएको छ । घटना बारेमा थप अनुसन्धान भईरहेको प्रहरी निरीक्षक विश्वकर्माले जानकारी दिए ।

# आठ प्रहरी उपरीक्षकलाई दर्ज्यानी चिन्ह

**काठमाडौं/मस**–नेपाल प्रहरीको जनपद समूहतर्फ बढुवा भएका आठ प्रहरी उपरीक्षकलाई दर्ज्यानी चिह्न प्रदान गरिएको छ ।

प्रहरी प्रधान कार्यालयमा शुक्रबार आयोजित समारोहबीच उनीहरुलाई निमित्त प्रहरी महानिरीक्षक नीरजबहादुर शाहीले दर्ज्यानी चिह्नबाट सुशोभन गरे । बढुवा हुने प्रहरी अधिकृतमा जनकबहादुर शाही, रामेश्वर कार्की, चक्रराज जोशी, अर्जुनप्रसाद तिमिल्सिना, रामहरि पाण्डे, लक्ष्मीराज अधिकारी, रमेश पण्डित र अर्जुन रानाभाट छन् । नेपाल सरकार, गृह मन्त्रालय सचिवस्तरको २०७८ साल मङ्सिर ९ गतेको निर्णयबाट उनीहरू प्रहरी नायब उपरीक्षकबाट प्रहरी उपरीक्षकमा पदोन्नति भएका हुन् ।

सो अवसरमा निमित्त प्रहरी महानिरीक्षक शाहीले संगठनको महत्वपूर्ण जिम्मेवारी सम्हाल्न पुगेकामा उनीहरुलाई बधाई दिँदै नयाँ जिम्मेवारी तथा पदीय गरिमालाई कायम राख्न उच्च मनोबलका साथ कार्यसम्पादन गर्न निर्देशन दिए । पदोन्नतिसँगै प्राप्त जिम्मेवारीलाई नेपाल सरकार र प्रहरी संगठनको नीति निर्देशनअनुसार बहन गर्नुपर्नेमा उनको जोड थियो ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०८/११

यस कम्पनीको मिति २०७८/०५/०१ मा सम्पन्न बार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कुक्को नेपाल प्रा.लि. (प्रा.लि. नं. २५४४४१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/१३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **इनर्जी ट्री प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०८/१२

यस कम्पनीको मिति २०७८/०७/०९ मा सम्पन्न बार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ओम इन्टरटेन्मेन्ट प्रा.लि. (प्रा.लि. नं. ८६७६३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०७/१४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **करिअर टेक्निकल कलेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## साउदीमा रोजगार

१. कम्पनी : HOME ARTS FOUNDATION FOR GENERAL CONTRACTING
शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०८/०९ | चलानी नं.: ६०१६८८१५ | LT. No.:251655

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Paint | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : GULF CRETE COMPANY LIMITED
शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०८/०९ | चलानी नं.: ६०१६८८१६ | LT. No.:251653

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | building Carpenter | 5 | 0 | | 1200 | ३८,०४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १९ गते (5 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. ५२३/०६१/०६२
पो.ब.नं.: ९०३३, सामाखुसी-२९, काठमाडौं, फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८, ४३५७६३१, फ्याक्स: ४३८१११७ मो. ९८५१२८४४५३, ९८४३८८१४८९, डाईरेक्ट नं. ४३८५४९९
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com

## UAE मा रोजगार

कम्पनी: BARARI NATURAL RESOURCES LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०७/१६ | चलानी नं.: ६०१६६७७६ | LT. No.: 249676 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 74 | 0 | स. काममा दक्ष | 800 | २५,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १८ गते (4 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SHR सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.**
Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१-४१११११२६

## OMAN मा रोजगार

कम्पनीको नाम : Taher Llamal

पूर्व स्वीकृती मिति: [illegible] | चलानी नं.: [illegible] | LT No.: 251152

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब OR. | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Light Vehicle Mechanic General | 01 | [illegible] | 190 | ५७,८२०।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |
| २ | Vehicle Chassis Welder | 01 | | 120 | ३६,५१८।- | | | | | | | |
| ३ | Vehicle Painter | 01 | | 120 | ३६,५१८।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता मंसिर १८ गते (04 Dec. 2021) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

**गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.**
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४४९५७४९

## कतारमा रोजगारको अवसर

१. कम्पनी : PROGRESSIVE TRADING & CONTRACTING W.L.L
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/१३ | चलानी नं.: ६०१६२१५६ | LT. No.: 244333 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 5 | 0 | | 1900 | ६२,०५४ | | | | | | | |
| 3. | Carpenter | 1 | 0 | | 1200 | ३९,१९२ | | | | | | | |

२. कम्पनी: SHADOWS STEEL
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७७/१२/१२ | चलानी नं.: ६०१५६२३८ | LT. No.: 237678 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 2 | 0 | स. काममा दक्ष | 1100 | ३५,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १८ गते (4 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. १०७८/०७३/०७४
सुकेधारा-४, काठमाडौं, (साविक: रातोपुल), नेपाल
फोन नं.: ०१-५९०२३४६, ५९०२३४४, पो. ब. नं.: १९१२२
Email: raza786md@yahoo.com, skystar1078@gmail.com, info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

## UAE मा रोजगार

1. Porcellan Co. - LLC

पूर्व स्वीकृती मिति: २०७८/०८/१० | चलानी नं. ६०१६८८१० | LT No.: 252031

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | General Helper | 100 | 0 | [illegible] | 800 | २५,५८८।- | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | | २ वर्ष |

2. Gypsemna Company LLC

पूर्व स्वीकृती मिति: २०७८/०८/१० | चलानी नं. ६०१६८८०८ | LT No.: 252032

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | General Helper | 50 | 0 | [illegible] | 800 | २५,५८८।- | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०७८ मंसिर १८, २० र २२ गते (4, 6 & 8 Dec. 2021) यस प्रा. लि. कार्यालय, महाराजगंज, काठमाडौमा र मंसिर १९ र २१ गते (5 & 7 Dec.) लण्डन होटल, ईटहरीमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
(Shan International Group Nepal Pvt. Ltd.)
Licence No.:915/067/68
Maharajgunj (Near to Jyoti Bikas Bank), Kathmandu, Nepal
Tel : 4378890, 4378054, 9851002996, 9862847276, 9813793316, 9801171548, 9849469333

## साउदीमा रोजगार

१. कम्पनी: ABED A. AL-HABASHI CONT. CO GENERAL CONT
शहर: Dammam

पुर्व स्वीकृत मितिः २०७८/०८/१० | चलानी नं.: ६०१६८८३६ | LT. No.: 251634

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 20 | 0 | स. काममा दक्ष | 1000 | ३१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: MADELEINE CATERING PROJECTS
शहर: Al Khobar

पुर्व स्वीकृत मितिः २०७८/०८/१० | चलानी नं.: ६०१६८८३७ | LT. No.: 249682

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५७,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: ENERGY TECHNICAL SERVICES CO
शहर: Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०८/१० | चलानी नं.: ६०१६८८२९ | LT. No.: 251383

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: UPSCALE TASTE CAFE TO SERVE DRINKS
शहर: Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०८/१० | चलानी नं.: ६०१६८८२० | LT. No.: 251632

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 3 | 0 | स. काममा दक्ष | 1100 | ३४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १८ गते (4 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Nasser Outsourcing Consultants (P.) Ltd.**
श्रम इजाजत नं.: ६१९/०६३/०६४ रुद्रेश्वर मार्ग, रातोपुल-९, काठमाडौं, नेपाल
फोन नं.: ४४६५०९० (6 Lines) / २२९८२११, फ्याक्स: ४४११९५०

